ने.ना.उ.प्रा.संचालक समितिको मिति २०७५।१।२६ मा बसेको ३४३औं बैठकबाट स्वीकृत ।

# नेपाल नागरिक उड्डयन प्राधिकरण
## विज्ञापन नीति, २०७५

क) विमानस्थलको आन्तरिक तथा वाह्य सौन्दर्यतामा बढोत्तरी हुने गरी मात्र विज्ञापन सामग्रीको डिजायन गरिने र नियोन/डिजिटल वोर्डलाई प्रोत्साहन गर्ने ।

ख) नेपालको सामाजिक, सांस्कृतिक सद्भाव एवं एकतामा खलल पुर्‍याउने खालका, नेपाल सरकारले निषेध गरेका र धुम्रपान, मद्यपान लगायत स्वास्थ्यमा प्रतिकूल असर गर्ने खालका बस्तु वा सेवाको विज्ञापन सामग्री राख्न बन्देज गर्ने ।

ग) विमानस्थल सुरक्षामा प्रतिकूल असर पुर्‍याउने र विमानस्थलको सुन्दरतामा आँच पुर्‍याउने गरी विज्ञापन सामाग्री राख्न नपाईने ।

घ) विज्ञापन राख्ने स्थान र प्रकारको सम्वन्धमा सम्वन्धित विमानस्थल कार्यालयले महानिर्देशकको स्वीकृतिमा निर्णय लिने ।

ङ) विमानस्थल क्षेत्रमा विज्ञापनको लागि ब्यानर तथा वोर्ड राख्ने पद्धतिलाई निरुत्साहित गर्ने ।

च) नेपाल सरकारले घोषणा गरेका विशेष कार्यक्रम, उत्सव वा महोत्सव आदिको प्रवर्द्धनका लागि महानिर्देशकले निश्चित समय तोकि तोकिएका विमानस्थलमा विज्ञापन सामग्री राख्ने स्थान उपलव्ध गराउन सक्ने ।

छ) नेपालको पर्यटन प्रवर्द्धनमा उपयोगी हुने विज्ञापनका लागि महानिर्देशकले आवश्यक निर्णय लिन सक्ने ।

ज) विज्ञापन राख्ने प्रकृयालाई थप व्यवस्थित वनाउन महानिर्देशकबाट कार्यविधि स्वीकृत गरी लागू गर्न सक्ने ।

झ) विज्ञापन शुल्क सम्वन्धमा विमानस्थल सेवा शुल्क नियमावलीमा व्यवस्था भएवमोजिम हुने ।

ञ) यस विज्ञापन नीतिको कार्यान्वयनको बारेमा समितिले समय समयमा अनुगमन गर्ने ।